नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
(..................शाखा)

फोन नं.: ०१-५३२४११६
०१-५३२४११७
फ्याक्स नं: ०१-५३२४१४३
ईमेल: psdyojana@gmail.com
planning@nepalpost.gov.np

बबरमहल
काठमाडौं नेपाल

पत्र संख्याः २०८१/०८२
च.नं.

प्रेस विज्ञप्ति

आज मिति २०८१ साल फागुन २१ गते बुधबारको दिन हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम अन्तर्गत झापा आन्दोलनका क्रममा सुखानी जङ्गलमा सहादत प्राप्त गर्नुभएका ५ सहिदहरु सहिद रामनाथ दाहाल, सहिद नेत्र घिमिरे, सहिद विरेन राजवंशी, सहिद कृष्ण कुइँकेल र सहिद नारायणप्रसाद श्रेष्ठको तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभाका सम्माननीय सभामुख देवराज घिमिरेज्यूले प्रकाशित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा लगाउनु भएको थियो। कार्यक्रममा उहाँले सहिदको सम्मानमा हुलाक टिकट प्रकाशन गर्ने कार्यले सहिदको योगदान र नेपालको इतिहासलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो। आगामी दिनमा पनि अमर सहिदहरुको योगदानलाई खोजी गरी यस्ता कार्यलाई निरन्तरता दिन हुलाक सेवा विभाग र फिलाटेलिक सोसाइटीले भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो।

हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ पंगेनी भट्टराईज्यूको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव श्री गजेन्द्र कुमार ठाकुरज्यूले स्वागत मन्तव्य राख्नुभएको थियो। स्वागत मन्तव्यको क्रममा निरङ्कुश शासन अन्त्य गरी देशमा प्रजातन्त्र स्थापना गर्न आफ्नो जीवन अर्पण गर्नुहुने सहिदहरुको सम्मानमा हुलाक टिकट प्रकाशन गरिएको जानकारी गराउनु भएको थियो। महानिर्देशक मनमायाँ भट्टराई पंगेनीज्यूले वीर अमर सहिदहरुको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिँदै यस कार्यले देशको आमूल परिवर्तनका लागि प्राण आहुती गर्नुहुने वीर सहिदहरु प्रति सम्मान भाव अर्पण गर्ने प्रयास गरिएको बताउनुभयो। साथै, उहाँले यस कार्यले नयाँ पुस्तामा सहिदहरुको योगदानको बारेमा जानकारी हस्तान्तरण गर्न र राष्ट्रभाव जागृत गर्न समेत मद्दत पुग्ने विश्वास लिएको धारणा व्यक्त गर्नुभयो। सहिद रामनाथ दाहालका धर्मपत्नी श्रीमती विशेश्वरा दाहाल र सहिद नेत्र घिमिरेका धर्मपत्नी श्रीमती जीवन घिमिरेले संक्षिप्त मन्तव्य राख्नुभएको थियो। उहाँहरुले सहिदहरुको सम्मानमा हुलाक टिकट प्रकाशन गर्ने कार्यले सहिदहरु प्रति उच्च कदर भएको धारणा राख्नुभएको थियो।

कार्यक्रममा प्रतिनिधिसभाका सचिवज्यू, सूचना प्रविधि विभागका महानिर्देशक श्री रमेश शर्मा पौडयालज्यू, विज्ञापन बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डेज्यू, हुलाक सेवा विभाग र मातहतका कार्यालयका प्रमुख तथा अन्य कर्मचारीहरु, सहिद परिवारका सदस्यज्यूहरु, नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष श्री केदार प्रधानज्यू र अन्य पदाधिकारीज्यूहरु, सुखानी सहिद स्मृति प्रतिस्ठानका पदाधिकारीहरु लगायत अतिथिको रुपमा उपस्थित हुनुभएको थियो भने विभिन्न सरकारी निकायका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रम सञ्चालन हुलाक सेवा विभागका निर्देशक श्री ध्रुवराज आचार्यले गर्नुभएको थियो भने प्रकाशन गरिएका हुलाक टिकटमा अंकित सहिदहरुको संक्षिप्त विवरण विभागका शाखा अधिकृत श्री चन्द्रा थापाले वाचन गरेर प्रस्तुत गर्नुभएको थियो ।

ध्रुवराज आचार्य
सूचना अधिकारी